म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २५७ २०८० साउन २७ गते शनिबार 12 August 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सहकारीका अध्यक्ष र उपाध्यक्षको भेला

# काम, कर्तव्य र अधिकार पूर्णरुपमा पालना गर्ने प्रतिवद्धता



भेलामा सहभागी अध्यक्ष र उपाध्यक्षहरु ।

समाज संवाददाता

हेटौंडा: देशव्यापी सहकारी संस्थामा बेथितिका समाचारहरु सार्वजनिक भइरहेका बेला जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको आयोजनामा संघमा आवद्ध सहकारी संस्थाका अध्यक्ष र उपाध्यक्षको एकदिने भेला शुक्रबार हेटौंडामा भएको छ । भेलामा सहभागी अध्यक्ष र उपाध्यक्षले सहकारी संस्थामा विनियम बमोजिमको अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार पूर्णरुपमा पालना गर्नेसहित ७ बुँदे प्रतिवद्धतापत्र जारी गरेका छन् ।

प्रतिवद्धतापत्रमा सहकारी संस्थाका सदस्यका लागि सहकारी शिक्षा कोषलाई परिचालन गरी व्यापकरुपमा सहकारी शिक्षाका साथै सीपमूलक कार्यक्रमहरु संचालन गर्ने, सहकारी ऐन २०७४ मा व्यवस्था भए बमोजिम विनियम संशोधन तथा पुनर्लेखन गर्ने, लेखापरीक्षण, वार्षिक साधारण सभा तोकिएको समयावधि भित्र सदस्य केन्द्रित बैठकको रुपमा संचालन गरी वार्षिक योजना तथा बजेट अनिवार्यरुपमा साधारण सभाबाट स्वीकृत गराउने उल्लेख गरिएको छ ।

यस्तै कोषोमिस र सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका २०७४ बमोजिम संस्थाका कामलाई अद्यावधिक गर्ने, आवश्यक नीति तर्जुमा तथा समय सापेक्ष संशोधन गर्दै नीतिगत व्यवस्था अनुसार नविनतम प्रविधि अवलम्बन गरी संस्थालाई स्वनियमन र सुशासनमा संचालन गर्ने र पर्ल्सको मापदण्डअनुसार वित्तीय प्रतिवेदनलाई व्यवस्थापन गरी ऋण जोखिम कोष पूर्णरुपमा व्यवस्थापन गर्दै वित्तीय विवरणहरु दैनिक रुपमा प्रविष्टि गरी अद्यावधिक गर्ने प्रतिवद्धता गरिएको छ ।

सहकारीको वार्षिक समीक्षा गर्ने, साधारणसभाको तयारी गर्ने, प्रतिवेदनहरु तयार पार्ने समयमा अध्यक्ष र उपाध्यक्षलाई जिम्मेवार बनाउँदै प्रारम्भिक संस्थालाई सबल बनाउने उद्देश्यले भेलाको आयोजना गरिएको अध्यक्ष कल्पना श्रेष्ठले जानकारी दिनुभयो । देशका विभिन्न स्थानमा सहकारीका कारोबारमा समस्या देखिएर सदस्यहरु त्रसित भइरहेको सन्दर्भमा जिल्लामा रहेर संघमा आवद्ध प्रारम्भिक संस्थालाई व्यवस्थितरुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने जिम्मेवारी बुझेर पनि भेलाको आयोजना गरिएको उहाँले स्पष्ट पार्नुभयो । संघमा आवद्ध एक सयभन्दा बढी प्रारम्भिक संस्थाका अध्यक्ष, उपाध्यक्षको भेलामा सहभागिता रहेको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेलको पनि उपस्थिति रहेको थियो । हेटौंडामा शाखा सञ्चालन गरेका केही सहकारीमा समस्या देखिए पनि हेटौंडामै रहेका सहकारीमा भने गम्भीर समस्या देखिएको छैन । सहकारीको व्यवस्थापनमा बचत संघले आवश्यक सहजीकरण, अनुगमन गर्दै आएको छ ।

## पहिरोमा परी प्रहरी जवानको मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको भीमफेदी गाउँपालिका–२, भैंसेमा पहिरोमा परी एक प्रहरीको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा दरबन्दी भई हाल भैंसेमा कार्यरत प्रहरी जवान कृतिबहादुर नेपालीको मृत्यु भएको हो । २२ वर्षीय नेपाली जाजरकोट जिल्लाको शिवालय नगरपालिका–८ का हुन् ।

बिहिबार भैंसे चेकपोष्टमा डिउटीमा खटिएका नेपाली चिप्लिएर लडी घाइते भएका थिए । घाइते नेपालीको हेटौंडा अस्पतालमा उपचार गरी फर्कने क्रममा राती ११ बजेर २५ मिनेटको समयमा सुख्खा पहिरो खस्दा ढुङ्गाले लागी मोटरसाइकल चालक प्रहरी जवान सुनिल मेचे र पछाडी सवार नेपाली घाइते भएका थिए । घाईते नेपाली र मेचेलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको थियो । उपचारको क्रममा नेपालीको राति १२ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक मेचेको अवस्था भने सामान्य रहेको छ ।

## एसईई ग्रेडवृद्धि मौका परीक्षा

# पहिलो दिन १५८ जना अनुपस्थित



हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय मावि परीक्षा केन्द्रमा परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडा: एसईई ग्रेडवृद्धि मौका परीक्षा सुरु भएको छ । शुक्रबार र शनिबार दुईदिन हुने मौका परीक्षामा सहभागी हुन १ हजार १ सय ६८ जना विद्यार्थीले फारम भरेका थिए ।

पहिलो दिनको परीक्षामा ९ सय २७ जनाले परीक्षा दिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभयो । परीक्षा फारम भरेका मध्ये १ सय ५८ जना अनुपस्थित भएको गौतमले बताउनुभयो । एउटा मात्रै विषयको ग्रेडवृद्धि परीक्षा दिन फारम भरेका विद्यार्थीले पहिलो दिन शुक्रबार नै परीक्षा दिएका छन् भने दुईवटा विषयको ग्रेडवृद्धि दिन परीक्षा फारम भर्ने विद्यार्थीले शनिबार परीक्षा दिनेछन् ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले ४ वटा विद्यालयमा परीक्षा केन्द्र निर्धारण गरेर परीक्षा सञ्चालन गरेको छ । हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय मावि र भुटनदेवी मावि, हेटौंडा–२ स्थित सिद्धार्थ मावि र बालजागृति माविमा परीक्षा केन्द्र तोकिएको छ । एकजना विद्यार्थीले ग्रेड सी वा सो भन्दा कम कम ग्रेड प्राप्त भएका दुई वटा विषयको ग्रेडवृद्धि परीक्षा दिन पाउँछन् । कुनै दुई विषयमा अनुपस्थित भए पनि मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

# आज र भोलि धेरै पानी पर्ने

काठमाडौं: हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ नेपाल नजिक अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ । आगामी केही दिनसम्म यो रेखा अझै नेपाल नजिक सर्ने सम्भावना औंल्याइएको छ । जसका कारण केही ठाउँमा धेरै भारी वर्षाको सम्भावना रहेको महाशाखाको भनाइ छ ।

आकस्मिक बुलेटिन निकाल्दै महाशाखाले नेपालको मौसममा भारतको बिहारको उत्तर पश्चिम भू–भाग तथा आसपासमा रहेको न्यूनचापीय प्रणालीको पनि प्रभाव रहेको बताएको छ । आज शनिबार राति देशभर सामान्यदेखि पूर्णतया बदली रही देशका धेरै स्थानहरुमा हल्कादेखि मध्यम वर्षा हुने महाशाखाको अनुमान छ ।

साथै, कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङसहित भारी वर्षा तथा एक–दुई स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ ।

आइतबार देशभर पूर्णतया बदली रही धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुनुको साथै कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरुमा साथै मधेश र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ ।

सोमबार देशभर सामान्यदेखि पूर्णतया बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरूमा तथा कोशी, मधेश र बागमती प्रदेशका थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा मेघ गर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । कोशी र बागमती प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले बताएको छ ।

शनिबारदेखि सोमबारसम्म देशको पहाडी भू–भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेको महाशाखाले बताएको छ । त्यस्तै, सहरी क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्नसक्ने महाशाखाले बुलेटिनमार्फत् बताएको छ ।

केही ठाउँमा भारी वर्षाको सम्भावना रहेकाले दैनिक जनजीवन तथा सडक–हवाई यातायातसमेत प्रभावित हुन सक्नेतर्फ सचेत रहन र पूर्वसतर्कता अपनाउन भनेको छ । (स्रोत: सेतोपाटी)

# चेपाङलाई भूस्वामित्व प्रदान गर्नेबारे छलफल

*घट्टेखोलामा बसोबास गर्दै आएको २९ घरधुरी चेपाङहरूलाई तत्कालीन सरकारले दिएको र उनीहरुले विगत ३१ वर्षदेखि भोगचलन गर्दै आएको जमिनको स्वामित्व पाउँ भन्दै रामचन्द्र प्रजाको नेतृत्वमा भूमिहीन चेपाङ खाद्य अधिकार समूहको टालीले जिसस मकवानपुरका प्रमुख ललितबहादुर घलान, उपप्रमुख सानुकाजी लुईटेल, सदस्यहरु र सहायक जिल्ला समन्वय अधिकारीसमक्ष भेटघाट र छलफल गरेको यो ५ औं पटक हो ।*

समाज संवाददाता

हेटौंडा: चेपाङ समुदायका भूमिहीनहरुलाई भूस्वामित्व प्रदान गर्नेबार शुक्रबार छलफल भएको छ । राक्सिराङ गाउँपालिका–३ का चेपाङ समुदायका प्रतिनिधि र जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रतिनिधिहरुबीच छलफल भएको हो ।

जिसस प्रमुख ललित घलानको कार्यकक्षमा भएको छलफलमा चेपाङ समुदायका सदस्यहरुले भूमि प्राप्ती गर्न जिसस मकवानपुरले पहल गर्नुपर्ने माग गरेका थिए । जिससले के कस्तो पहल गर्दैछ र जिससको पहललाई समुदायले कसरी सहयोग गर्न सक्छ भन्नेबार छलफल भएको बताइएको छ ।

जिसस मकवानपुर उपप्रमुख सानुकाजी लुईटेलले चेपाङहरुलाई तत्कालीन अवस्थामा स्थानान्तरण गर्ने कार्यमा संलग्न कर्मचारी (हाल सेवानिवृत्त) राजाराम थापासँग छलफल गर्नुभएको थियो । छलफलमा थापाले आवश्यक परेको खण्डमा चेपाङहरुलाई भूस्वामित्व दिलाउन आफूले सहयोग गर्ने बताउनुभयो । जिसस मकवानपुरलाई आवश्यक सूचना तथा भए गरेका प्रक्रियाहरुको विवरण उपलब्ध गराउने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

वि.सं २०४७ सालमा हालको राक्सिराङ गाउँपालिका–३, घट्टेखोलामा तत्कालीन जिल्ला विकास समिति मकवानपुर र प्रजा विकास कार्यक्रमको पहलमा स्थानान्तरण गरिएको ९ घरधुरी चेपाङको परिवार संख्या बढेर २९ घरधुरी भएको छ । घट्टेखोलामा स्थानान्तरण गर्दा नम्बरी जग्गा व्यक्तिबाट किनेर स्थानान्तरण गरिएको थियो भने जग्गा किन्ने श्रोतको व्यवस्थापन तत्कालीन जिल्ला विकास समितिको समन्वयमा नेपाल सरकारले गरेको थियो । तत्कालीन अवस्थामा जग्गाको स्वामित्वसमेत जिल्ला विकास समितिकै रहेको थियो ।

घट्टेखोलामा बसोबास गर्दै आएका २९ घरधुरी चेपाङहरुलाई तत्कालीन सरकारले दिएको र उनीहरुले विगत ३१ वर्षदेखि भोगचलन गर्दै आएको जमिनको स्वामित्व पाउँ भन्दै रामचन्द्र प्रजाको नेतृत्वमा भूमिहीन चेपाङ खाद्य अधिकार समूहको टालीले जिसस मकवानपुरका प्रमुख ललितबहादुर घलान, उपप्रमुख सानुकाजी लुईटेल, सदस्यहरु र सहायक जिल्ला समन्वय अधिकारीसमक्ष भेटघाट र छलफल गरेको यो ५ औं पटक हो । प्रत्येक छलफल र भेटघाटमा जिसस मकवानपुरले चेपाङहरुलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको भए पनि समस्या समाधानमा फलदायी पहलकदमी नभएको भूमिहीन चेपाङ समुदायको भनाइ छ ।

तीन तहको सरकारको उपस्थिति र भूमिहीनलाई एकपटक भूमि दिने व्यवस्था संविधान र विद्यमान कानुनले स्पष्ट पारेता पनि खोरिया कृषि प्रणाली र दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्ने चेपाङहरुको आफूले भोगचलन गर्दै आएको भूमिमाथि स्वामित्व नहुनु आफैंमा विरोधाभाषपूर्ण रहेको बताइएको छ । छलफल कार्यक्रमको सहजीकरण फियान नेपालको प्रदेश संयोजक लक्ष्मी गुरुङले गर्नुभएको थियो ।



# जिन्दगीका गोरेटाहरु



✍ **प्रतिमा कार्की**

अलार्म त छ बजेको नै राखेको हो तर पनि दस-दस मिनेटको स्नुजले त आज आठ नै पो बजिसकेछ। अरुबेला त सात मात्र बज्थ्यो आज एक घन्टा बढी सुतेछु ।

“स्कुल जान अबेर हुने भो..!“ भन्दै आलस्य गर्दै उठेर ठूलो स्वरमा उफरमा गीत बजाएँ र बिस्तारा मिलाएँ, कोठा चै बढार्न भ्याइनँ। हुन त आठ बजे उठेर के के चै गर्नु ? भ्याउन पनि त पर्यो। हतार हतार कोठाबाट तल झरेँ । सदाझैँ बिहानको सबै नित्यकर्म सक्काएर भान्सातिर प्रवेश गर्दै भनेँ, “के के पाक्यो ? मलाई ढिलो भैसक्यो !“ सेफ चाहिँ मेरी दिदी हुनुहुन्थ्यो । ममी प्राय घरबाहिरको खेतबारी र वस्तुभाउको काममा व्यस्त हुनुहुने भएर भित्रको काम उहाँलाई खासै गर्न दिँदैनौँ हामी छोरीहरुले । दिदीले भन्नुभयो,“पस्केर खा न तँ, सबै पाकेकै छ तर एउटा अचारका लागि चाहिँ एकछिन कुर्नुपर्ला ।“ मैले फेरि थपेँ, “तिमीहरु नै पकाएर खाइराख जे जे खाए नि मलाई चाहिँ यतिले नै चल्छ ! त्यही माथी नयाँ ठाउँमा काम गर्देछु, कहिलेकाहीँ त ठिकै हो तर दिनदनै ढिला जान थालियो भनेँ त मप्रति उहाँहरुको छाप त नराम्रो बस्छ नि !“ यति भनेर प्लेटमा खाना र सँगै छेउमा थोरै फर्सीको मुन्टाको तरकारी जुन मलाई पटक्कै मनपर्दैन, एउटा बटुकोमा दाल र अर्को बटुकोमा चाहिँ अलि धेरै दही जुन मलाई औधी मनपर्ने हालेँ र जसरी हाँसले हिलो निल्छ नि, हो त्यसलाई नि मात दिने रफ्तारमा मैले खानालाई निलेँ। अनि हतारिँदै मुख चुठेर आफ्नो कोठातिर लागेँ । कोठामा गएर सबैभन्दा सुरुमा पङ्खा खोलेँ । ओहो! गर्मी पनि के विधि हो ? पानी पनि नपरेको होइन दिनकै जसो परिरहेकै छ त्यही पनि गर्मी सक्किने त नामै छैन। यस्तो लाग्छ कि एकैचोटि छ/सात वटा सूर्यहरु विदा मनाउन आएका छन् पृथ्वीमा । खाना खाएर कोठामा आउँदै नौँ बजिसकेछ ! अलि अलि अनुहारमा लाली पाउडर लगाएँ र हिजो आइरन लगाएको लुगालाई शरीरमा हालेर स्कूल जान तयार भएँ । एकछिन एकछिन ! ल्यापटप र पानीको थर्मस त हालेकै छैन झोलामा ! अनि खाजा के लैजाने ? बनाउन त भ्याइएन अब क्यान्टिन जिन्दावाद ! कति खानु त्यो बर्गर, दुनोट, पास्ता, मोमो ! वाक्क लागिसक्यो तर के गर्नु अर्को विकल्प पनि त छैन । सोच्दै दौडिएँ। भर्याङबाट तल झर्दै गर्दा अर्को आवाज थपियो “अनि खाजा खान पैसा छ त आज ? “त्यो आवाज चाहिँ मेरो ड्याडीको थियो। “हजुर, छ ! आजलाई पुग्छ बेलुका एटीएमबाट झिक्नुपर्ला, कलेजमा नि त भर्ना गर्नै छ फेरि !“ यति भनेर स्कुटी स्टार्ट गर्न खोजेँ तर स्टार्ट नै भएन। “लौ के भो फेरि यसलाई ?........

अर्को भाग अर्को हप्ता

हेटौडा


# नीतिको अनिति



✍ **रुपा**

पिता गोपाल बहादुर गोतामे र माता बिनू गोतामेको कोखबाट जन्मिनु भएकी मीरा गोतामेले समाजशास्त्रमा स्नातकोत्तर गर्नु भएको छ। शिक्षण पेसामा आवद्ध मीरा गोतामेले नीति मार्फत उपन्यास लेखनमा प्रवेश गरेकी छिन् । विशेष गरी सासामयिक विषयमा विद्यमान समस्याहरुलाई विषयवस्तु बनाएर कलम चलाउनु हुने, वर्तमान समाजका विकृतिका विरुद्ध सचेत रुपमा शब्दवाण चलाउनु गोतामेका विशेषता हुन् ।

नीति उपन्यासमा मुख्य पात्रकी रुपमा रहेकी छिन् नीति। पितृसतात्मक समाजका आधुनिकताका नाममा




पिल्सिएका कयौँ नारीहरुको प्रतिनिधि पात्र हुन् नीति । नीतिसँगै अरु थुप्रै पात्रहरुको माध्यमबाट नारीले कतिसम्मका परिस्थितिबाट गुज्रनु पर्दछ भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको छ।

एक आधुनिक जमानाकी सहरीया, शिक्षित, पढेलेखेकी र स्वाभिमान नारीले हेर्दा सामान्य लाग्ने पहाडजस्ता समस्याबाट गुज्रनु पर्न सक्छ भन्ने कुरा यस उपन्यासमा पाउन सक्छौँ ।

छोरी छोरी मात्र जन्मिँदा सबै दोष श्रीमतीमा मात्र देखेर मानसिक तनाब दिने परिवार र समाज, महिलाको शरीरमाथि मायाको नाम दिएर हक लगाउने पुरुषको चरित्र, श्रीमानको अकालमा मृत्युहुँदा श्रीमती दोषी (अलक्षिना) देख्ने समाज, अनिच्छित गर्भपतन, भ्रुणहत्या अनि श्रीमान परस्त्रीसँग लाग्दासम्म पनि कमजोरी श्रीमतीमा नै देख्ने समाज अनि परिवारका कुराहरुले एउटा परिवार, बच्चा, आफ्नो पेसा र मर्यादा पालना गरेकी नारीको जीवनमा र मानसिकतामा कति धेरै असर पारेको हुन्छ भन्ने कुरा देखाइएको छ ।

साथै गलत पुरुषमात्रै नभइ पुरुषसँगसँगै महिलाले पनि बाटो बिराइरहेका हुन्छन् । गलत हरेक मान्छे हुनसक्छ। बाटो सबैले बिराउन सक्छन्, तर गल्तीलाई सच्याएर अघि बढ्नुनै महानता हुन्छ।

आफ्नी आमा, दिदी, बहिनी श्रीमती र छोरीले भोगेका र भोग्न सक्ने पीडा र दुखहरुलाई बुझ्न पनि सबैले नीति उपन्यास पढ्नु आवश्यक छ।

# अनुभवी

लघुकथा



✍ **श्यामप्रसाद श्रेष्ठ**

**दृश्य-१**

एक अशिक्षित मानिसको छोरो विद्यालयमा अनुत्तीर्ण भयो । यो कुराले उसलाई अत्यन्त दुःख लाग्यो । उसले आफ्नो छोरा पढ्ने विद्यालयमा गएर शिक्षकलाई गुनासो गर्‍यो ।

“गुरू ! मेरो छोरो एकै कक्षामा तीन वर्ष लगातार फेल भयो । तपाईंहरू उसलाई कसरी पढाउनुहुन्छ ?”

शिक्षकले अभिभावकलाई आश्वस्त बनाउँदै भन्यो, “अब तपाईंको छोरा अनुत्तीर्ण हुँदैन । ढुक्क भएर घर जानुहोस् ।”

अभिभावक खुसी भएर घर गयो ।

**दृश्य-२**

छोराले घर फर्केर मार्कसिट देखायो। उसले बाबुलाई मार्कसिट देखाउँदै भन्यो, “म त पास भएँ नी बा ।”

“कति नम्बर ल्याइस त बाबु ?” बाबुले सोध्यो ।

“अब नम्बर होइन, ग्रेड सिस्टम आयो ।” छोरा बोल्यो ।

“गजब रहेछ यो ग्रेड सिस्टम । कहिले पास नहुने मेरो छोरो पनि पास भएछ ।” यसो भन्दै गर्दा उसले शिक्षकले छोरा पास हुने कुरा गरेको सम्झियो ।

हेटौँडा-६, चौघडा

# मेरो देश



✍ **प्रतिमा जमकट्टेल**

पाखा हजारौं टहरा हजारौं
भाका हजारौं लहरा हजारौं
खेल्छन सुसेली जनमा जुरेली
फुल्छन हजारौं मनमा चमेली ।

फैलिन्छ चारैतिर मेघजाल
टल्किन्छ चाँदीसरि त्यो हिमाल
पहाड खेल्छन लहरा समाई
सम्पन्न मामाघर हो तराई ।

देउसी र भैलो सबको चिनारी
रोदी र बेठी मनको छहारी
गाई सधैं पालम धान नाचौं
भन्दै छ डाँफे सब साथ बाचौं ।

छाती छ मेरो रहने हिमाल
आँखा सधैं जङ्गल हो कि ताल
मेची र काली बहने नसामा
छन् लोकभाका जनाका गलामा ।

उर्लन्छ कोशी अनि गीत बन्छ
आएर चौरी बुझ प्रित भन्छ
नेपालको सुन्दर शान्त चित्र
मभित्र बढ्दै छ हई विचित्र ।

कक्षा-८
जनप्रिय मावि, हटिया

# पुतली र बगैंचा



✍ **सावरी ढकाल**

पुतली आओस् बगैंचामा
संगीत छाडोस् भाकामा
बिहानीको नयाँ किरण
उठोस् नौलो इन्द्रेणीमा

आकाशमा चरा उड्छन्
बगैंचामा पुतली
रंगीबिरंगी पुतली आउँछन्
पुतली आउँछिन् उड्छिन्

पुतली नभए कस्तो देख्छ
हाम्रो सुन्दर बगैंचा
पुतली आई रमाइन्
बगैंचाको फुल समाइन्
सुन्दर छ त्यो फुल डाली
बन्न सकूँ त्यसको माली

कक्षा-६,
रिलायन्स इंग्लिस बोर्डिङ स्कूल

# विद्यार्थीको जीवन



✍ **समृद्धि गौतम**

आमा बुबा का हामी साना-साना नानी
मेहनती आज्ञाकारी बन्छु म ज्ञानी
पढिलेखी बन्नु छ असल नागरिक
पुरा हुन्न कहिल्यै सिकेर सीप ।

कोपिला हौं आज फूल फुल्ने भोली
बोल्नु पर्छ सत्य सधैं अनि मिठो बोली
फैलाऔं ज्ञानको ज्योती जगमा सारा
बोक्नु छ काँधमा देशको अभिभारा ।

चम्कनु छ सुर्य झैं जुन झैं शितल
छर्नु छ सुवास फूल झैं कमल
बन्नु छ साहसी सत्य शितल मन
बारबार आउँदैन विद्यार्थीको जीवन ।

कक्षा-८
जनप्रिय मावि, हटिया

# सिमानाहरु



✍ **कुमारराज सुबेदी**

सालनालमा बेरिएर
गुजुल्टिएको जीवन
फक्रिएर फुल्न नलाग्दै
फेरि परम्परा र विचारको
अर्को नालले बेरिदिन्छ
सबैको थोर धेर
बाँच्नुमा कति आनन्द छ
एकचोटि बाहिरिएर त हेर।
जन्मने बित्तिकै सुरू हुन्छन्
हाम्रा सीमा स्तम्भहरू
उनीहरू भन्दछन्
हामी मान्छौं
हामी सहन्छौं -
तिनीमा ठोकिएका चोटहरू
पुच्छदै बगेको रगत र पसिना
र,
धिक्कारछौं जीवनलाई थोर धेर
बाँच्नुमा कति आनन्द छ
एकचोटि बाहिरिएर त हेर।
कालो पर्दाले उज्यालो छेकेझैं
छेकिएको छ सत्य,
उसको सत्य हाम्रो बनेको छ,
उसको उचाइ भन्दा माथि छैन हाम्रो
उसको असम्भव हाम्रो भएको छ,
त्यसैले,
पीडा भएको छ थोर धेर
बाँच्नुमा कति आनन्द छ
एकचोटि बाहिरिएर त हेर ।
हुरीले बादल मडारेर
वर्षात भए झैं
वृष्टि गराउनु छ सिमानाहरूको
चट्याङ पारेर
बस् एकचोटि
बगाएर त हेर,
कानछोपी बसे पीडा हुन्छ थोर धेर
बाँच्नुमा कति आनन्द छ
एकचोटि बाहिरिएर त हेर ।

*(स्रोतः सेतोपाटी)*

# गजल



✍ **मन्जु पराजुली**

रूदा रूदा थाकि सके हेरिदेउन आमा
के लेखेथ्यो भाविले केरिदेउन आमा

गएपछि फर्कि आउदैन भन्छ दुनियाँ
तिमी आइ यो इतिहास फेरिदेउन आमा

हजार पटक तिम्रा कुरा गरे होला अटेर
एकै पटक मैले भन्था टेरिदेउन आमा

भतभति पोल्छ छाति रातदिन कसोगरूँ
शितल त्यो स्नेहले बेरिदेउन आमा

तिमी हुदा औँसी पनि झलमल थियो
पूणिर्मा आज कालै भयो हेरिदेउन आमा

हेटौंडा

# गाउँखाने कथा

१. नाउँ छ डल्ले, कराउँछ बलले ।

- शङ्ख फुकाइ

२. नाकमा नत्थी पिठ्यूँमा घाउ, यो कथाको अर्थ लाऊ ।

- तराजु र तुलो

३. पक्कै छ, नजिकै छ, छाम्दा छैन, समात्न सकिँदैन ।

- छायाँ

४. न चोर्‍यो उसले न कसैलाई मार्‍यो, तर उसको टाउको सबैले काटे ।

- नङ

५. नपिर न भान्से बज्यै । छैन मेरो पाप, छुट्याईदिन्छु ढुङ्गोमाटो पिटी अन्तै राख ।

- नाङ्लो

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# मेरो देश यस्तो होस् !



✍सरोजप्रसाद साह


सत्ताको यो खेल समापत्, दुःखको वनबास होस् ।
नारी पुरुष सबै सम्मानित, चरित्रवान समाज बनोस् ।
बालबालमा देशप्रेम, चरित्रको श्रृंगार होस्
मेरो देश यस्तो होस् ।।।।२



समृद्धि र सरल किसानी, कृषकप्रति सम्मान होस् ।
युवा युवामा देशको चिन्ता, नवयुगको सुरुवात होस् ।
शिखर शिखरमा नेपाली झण्डा, आत्मनिर्भर नेपाल बनोस्
मेरो देश यस्तो होस् ।।।।२



आधुनिक उद्योग र अर्थ, आधुनिक विज्ञान होस् ।
धर्म धर्ममा भाइचारा, एकताको उडान होस् ।
सुन्दरता र एकताले, अतिथिको सम्मान होस् ।
मेरो देश यस्तो होस् ।।।।।२



हृदयभित्र देशबासीमा, मानवताको बास होस् ।
विश्वशान्ति र समर्थले, विश्वको कल्याण गरोस् ।
सिंहको भाती वीरता र, दिल सबैको साफ होस् ।
मेरो देश यस्तो होस् ।।।२



आँधी जस्तो जोस सबैमा, पृथ्वी जस्तो आँट होस् ।
अन्तरिक्षमा नेपाली हलो, सत्यको बाटो साथ होस् ।
युवा युवामा जीतको दिपक, दयावान समाज बनोस् ।
मेरो देश यस्तो होस् ।।।४

# छुकछुके भाई



✍अनुष्मा रिमाल

टुकुटुकु हिंड्ने मेरो भाइ
तोते बोली बोल्ने मेरो भाइ
लिटो पिठो खाने
पानी खेल्न मन पराउने

स्कुटरमा रमाउँछ जान
मान्दै मान्दैन खाना खान
छुनुमुनु गर्दै आउँछ
किताब कापी च्यात्छ

ब ब भन्दै बल खेल्छ
सबै जनासँग मिल्छ
पढ्न लाग्दा छेउमै आउँने
आँखा झिम्काउँदा बिगो गर्ने

कक्षा-२, नवोदय शिशु सदन

# बालबालिका



✍विशेषता नगरकोटी

शब्द नै काफी
छ बालबालिका
अभिभावकले पाल्नु हुने
एउटा मालिक
जिज्ञासु प्रतिभा अनि
हसिलो भएको
असल बनाउन उनीहरुलाई
विद्यालय लगेको

बालबालिकाको मन
हुन्छ साह्रै कमलो हुन्छ
जस्तै फूलको गमलो
उनीहरुको समय भने
चराहरु झैं उड्ने
साना साना कुरामा
एकदमै रमाउने

बालबालिकामा हुन्छ
छुट्टै कुराको सान
सिकाउनुपर्छ हामीले
गर्नुपर्छ भनेर मान
थाहा हुँदैन के गर्न
हुने र नहुने
गलत बाटोमा लाग्दछ,
यदि ठूलाका कुरा नसुने

जसले जे भनेपनि
पत्याउने उमेर
घमण्ड हुन्छ आफूलाई
ठान्दछ सिंह अथवा शेर
सानो कुरामा रुने बानी
उट्पट्याङ काम गर्छ
जानी नजानी

कक्षा-९, नवोदय शिशु सदन

# म ठूलो बन्न चाहन्न !!



✍सर्फराज अन्सारी

म ठूलो बन्न चाहन्न,
आफन्तसित टाढा बस्न चाहन्न ।
म धनी बन्न चाहन्न,
गरीबलाई हेला गर्न चाहन्न ।

म सानै भए मलाई सन्तुष्टि छ,
आमा मेरो मुटु, पिता मेरो मस्तिष्क,
भाइ मेरो सपना, बहिनी मेरो खुसी,
म यो खुसीको पल बिर्सिन चाहन्न

म ठूलो बन्न चाहन्न ॥

भाइसित रमाउँदै बसेको त्यो पल
बहिनीले हातमा बाँधेको त्यो बन्धन
मेरो सम्झनाबाट गुमाउन चाहन्न
म ठूलो बन्न चाहन्न ॥

पीडित अवस्थामा खुसी बाँड्न
आएकी त्यो बहिनी
बन्द कोठामा एक्लै बस्दा
सधैंभरी सम्झीने त्यो भाइ
म बिर्सिन चाहन्न !!

प्रिय अङ्कलजीले सिकाएको
त्यो एकताको सांकेतिक भाषा
परिवारले देखाएको त्यो सत्य बाटो
समाजले सिकाएको त्यो असल व्यवहार

शिक्षकले दिएको प्रसस्त ज्ञान र,
मेरो मुटु धकधक गर्दै सम्झाएको
त्यो सफलताको बाटो
म बिर्सिन चाहन्न, म ठूलो बन्न चाहन्न ॥

# समय



✍रुप्सना चौलागाई

समय हो हाम्रा लागि
ज्यादै ठूलो साथी
यसको ख्याल गरेमा
पुगिन्छ है माथि

साना ठूला सबैले
बुझ्नु पर्छ हेर
कहिले पनि समय
फाल्नु हुन्न खेर

समयमै गर्नाले सबै काम
राख्न सकिन्छ हाम्रो नाम
आजैबाट सुरु गरौं पढ्न
कथा कविता धालौं लेख्न

कक्षा-३
नवोदय शिशु सदन

# म फूल



✍निकिता भट्टराई

हो म फूल हुँ
म जहाँ पनि
फूल्न सक्छु
हो म फूल हुँ
म जहाँ पनि मेरा
ती सुन्दर रङ्गले
रङ्गाउन सक्छु

तिमीले टिप्न खोज्लाऊ
मेरो सुन्दर आकृति
मेटाउन खोज्लाऊ
मेरो अस्तित्व
यहाँबाट टाड्न खोज्लाउ
मेरा हाँगाहरु
हुन खोज्लाउ
मेरा भर्खरै
फक्रिएका ती सुन्दर
पंखुडीहरु

म त यहीं
बस्न चाहान्छु
यी सबै फूलहरुको माझमा
स्वतन्त्रताको अनुभूति
गर्न चाहान्छु र
उम्रन चाहान्छु
यी कयौं फूलहरुको बिचमा,

म यहीं रम्न चाहान्छु
यी लहराहरूको बिच
महसुस गर्दै शीतका थोपा
गाडिन चाहान्छु म
मेरो जरासँगै
यसै बगैंचामा

मन्त्रमुग्ध बनाउने
मेरो सुगन्ध
मेरो बगैंचामा
छर्न चाहान्छु
हावाहुरी, पानी घाम
सबै आपत यहीं बगैंचामा
अनुभव गर्न चाहान्छु
हो म फूल हुँ ।

कक्षा-१२
हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेषराशि**: बोलमि प्रभाव बढ्ने छ । कार्य सम्पादन गर्ने क्षमतामा वृद्धि होला । कार्यक्षेत्र वा व्यवसायमा गरेको सानो प्रयासले उपलब्धी मिल्ने समय छ । आफन्तले सहयोग गर्ने छन् । अचानक कुनै उपहार वा धन प्राप्ति हुने सम्भावना छ । पारिवारिक पा घरायसी भ्रमण योग होला । अध्ययन-अध्ध्उापन ठिकै रहला । सामाजिक र धार्मिक काममा मन जाला ।

**बृषराशि**: इच्छाशीक्र बढनुका साथै रचनात्मक कामको आरम्भ होला । आफन्तसँग भेटघाट बढ्ने योग छ । लेनदेन र व्यापार व्यवसायमा अभिवृद्धि हुनेछ । मानसम्मान र प्रतिष्ठा बढाउन गरिएको काममा सफलता होला । बढी आशावादी नबन्दा राम्रो होला । विद्यार्थीहरुका लागि आलस्य बढ्ने तर बौद्धिक कार्यबाट प्राप्त हुने समय छ ।

**मिथुनराशि**: समय ठिकै छ । रोकिएका कामहरु बढाउन सकिने योग छ । टाढाको यात्रा गर्ने अवसर जुटन सक्छ । स्वास्थ्यप्रति सचेत रहँदा राम्रो अनि गरिष्ठ भोजनबट टाढा रहँदा राम्रो आकस्मिक धन खर्च बढ्ला । सहयोगी भरोसा गर्ने समय छैन । सामाजिक तथा परोपकार जन्य काममा सरिक भइएला । पढाई-लेखाई मध्यम देखिन्छ ।

**कर्कटराशि**: कार्यमा प्रगति समय योग छ । जग्गा जमिन सम्बन्धी काम कारोबारमा खर्च बढ्ने समय योग छ । प्रशासनिक अड्किएका कामहरु सम्पादन होलान् । विपरित लिङ्गीप्रति आकर्षित बढ्ने समय योग छ । सामाजिक तथा धार्मिक कार्यमा सरिक भइएला । अध्ययन-अध्यापन कार्यमा सफलता । व्यापार-व्यवसायबाट सोचे अनुरुप लाभ होला ।

**सिंहराशि**: समय ठिकै छ । व्यापार-व्यवसायबाट राम्रै आयआम्दानी होला । समुदायको हक हितको संरक्षण गर्दै धेरैको भलाई हुने काम गर्न सकिने छ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । प्रतिष्ठित काम गर्ने मौका मिल्ने छ । सामाजिक कामको दायित्व बढने छ । लेनदेनको काममा सजगता अपनाउँदा राम्रो । पढाइ-लेखाइ ठिकै छ ।

**कन्याराशि**: आत्मविश्वास शिद्ध निणर्य गर्ने क्षमतामा अभिवृद्धि बढ्ने छ । धार्मिक, सामाजिक र साँस्कृतिक काममा खट्नु पर्ने समय छ । परोपकार र धार्मिक क्षेत्रमा लगानी गर्दा राम्रो प्रतिफल होला । बन्दव्यापारमा सफलता छ । भाषण र व्याख्यानले साथीहरु आकषित होलान् । विद्यार्थीहरुका लागि प्रतियोगिता र परीक्षा सफलता होला ।

**तुलाराशि**: परिस्थिती अप्ठ्यारो भएपनि स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनु पर्नेछ । व्यावसायिक काममा खर्च बढ्ला । स्वास्थ्य प्रतिकूल रहेपनि साहस र हिम्मतले काममा धपूर्णता प्राप्त होला । कर्मचारीका लागि मानसिक संवेग बढ्ने छ । अध्ययन-अध्यापन मध्यम रहला । वैचारिक मतभेद बढ्न सक्छ । मनअशान्त हुनसक्छ ।

**वृश्चिकराशि**: समय ठिकै छ । मन भावुक बन्न सक्छ । व्यापार-व्यवासयबाट लाभ प्राप्त हुने योग छ । आकस्मिक खर्च बृद्धि होला । आफन्त,इष्टभित्र र नातेदारसँग घुलमिल हुने समय छ । विद्यार्थीका लागि प्रतिभा क्षमता बाहिरिने समय योग छ । लेनदेनमा विवाद बढ्न सक्छ । व्यवसायिक काममा समस्या होला र स्वास्थ्य समस्या बढ्ने समय योग रहेको छ ।

**धनुराशि**: कार्यक्षेत्रको काममा सचेतता अपनाउँदा रहन्छ । शत्रुपक्ष र प्रतिस्पर्धीबाट गिद्देदृष्टि पर्न सक्छ । रिस र आवेगको नियन्त्रण गर्दा राम्रो हुन्छ । झै-झगडा र मुद्दा मामिलामा नचाहँदा नचाँहादै संलग्न भइएला । स्वास्थ्य समस्या बढ्न सक्छ । पढाइ-लेखाइ मध्यम देखिन्छ । काममा अनावश्यक झै-झमेला आइपर्ला ।

**मकरराशि**: गोपनीय ढङ्गे गरेको काममा लाभ होला । पढाइ-लेखाइमा प्रगति हुनेछ । वृद्धिको उपयोगले लक्ष्य प्राप्ति होला । प्रतिष्ठित काम सम्पादन गर्ने मौका मिल्ला । स्वास्थ्य सवल होला । पशु-कृषि क्षेत्रबाट लाभ प्राप्त हुने समय छ । अध्यात्म र योग अनि सामाजिक र परोकारी काममा मन आकर्षित होला ।

**कुम्भराशि**: ध्यान केन्द्रित नहुने समय छ । पारिवारिक सहयोग प्राप्त रहने छ । आफ्नो काम वा लक्ष्यप्रति सजगता अपनाउँदा राम्रो होला । कार्यक्षेत्र, व्यापार वा व्यवसायबाट पर्याप्त लाभ मिल्नेछ । शत्रु र विपक्षीले हानी पुऱ्याउने सक्दैनन् । विद्यार्थी वर्गक लागि अझै मिहिनेत गर्नुपर्ला । सामाजिक कामप्रति वितृष्णा पैदा होला ।

**मीनराशि**: सामाजिक गतिविधि संलग्न हुने समय छ । अप्रत्यासित ढङ्गले आफन्त र सहयोगीहरुको साथ मिल्ला । घरायसी कामभन्दा र विषयवस्तुमा ध्यानकेन्द्रित होला । विपरित लिङ्गीप्रति आकर्षण बढ्ला । स्नेह सहयोग र सद्भाव मिल्ने राम्रो दिन छ । पढाइ-लेखाइ ठिकै रहला । पशु व्यवसाय र कृषि क्षेत्र मध्यम रहने समय योग छ ।



## लम्पी स्कीनबारे सचेतनामुलक सूचना

**रोग सर्ने तरिका**
यो रोग खास गरी arthropod vector बाट सर्ने गर्दछ ।
संक्रमित प्रजनन योग्य सांढेको विर्यबाट पनि यो रोग सर्न सक्दछ ।
संक्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट पनि यो रोग सर्न सक्छ ।
**लक्षणहरू**
ज्वरो आउने (४१ डिग्री सेन्टीग्रेड भन्दा माथि)
झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने
दुहुनो गाई भैंसीको दूध २५ देखी ८० प्रतिशतले घटन सक्ने,
सतही लिम्फ ग्रन्थी ठुलो हुने,
शरीरका विभिन्न भागहरु जस्तै घाँटी, खुट्टा, फाँचो, यौन अगंहरु वरपर र छालाको विभिन्न भागमा गिर्खा बन्ने
खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो हुने
उपचार, रोकथाम, नियन्त्रण
**यस रोगको कुनै ठोस उपचार छैन । प्रविधिकको सल्लाहमा लक्षण अनुसार औषधीहरू** (antibiotic, antipyretic, and anti inflamatory) **दिन सकिन्छ ।**
नेपालमा हालसम्म यस रोगको विरुद्धको खोप प्रयोग गरिएको छैन ।
रोगको लक्षण देखिएको खण्डमा पशु चिकित्सक, प्रविधिकहरुसँग तुरुन्त परामर्श लिने ।
यस रोगको रोकथामको लागि रोगी पशुहरुको आवत जावत र ओसारपसारमा रोक लगाउने रोगी पशुहरुलाई अलग राखी उपचार गर्ने
रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा झिंगा आदिको नियन्त्रण गर्ने ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**हेटौंडा नेपाल**

## जिल्लास्तरीय टेबलटेनिस प्रतियोगिता

# सेमीफाइनल समीकरण पूरा, फाइनल आज



*प्रतियोगिता उद्घाटन कार्यक्रममा सहभागीहरु ।*

**समाज संवाददाता**

हेटौँडाः नेपाल खेलकुद महासंघ मकवानपुरको आयोजनामा जिल्लास्तरीय टेबलटेनिस प्रतियोगिता भएको छ । हेटौँडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले शुक्रबार प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो । शुक्रबार र शनिबार दुईदिन सञ्चालन हुने प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । नकआउट प्रणालीमा आयोजना गरिएको प्रतियोगितामा फाइनल प्रवेशका लागि एन्जल डी विष्ट र यादवराज गिरी, परासर वाग्ले र रविन्द्र नेपालबीच खेल हुनेछ ।

प्रतियोगिताको सेमीफाइनल खेल आज शनिबार बिहान हुनेछ । प्रतियोगितामा मकवानपुरका २५ जना खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम र द्वितीय हुने सहभागीले क्रमशः ५ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीले राष्ट्रिय प्रतियोगितामा सहभागिताको अवसर समेत प्राप्त गर्ने नेपाल खेलकुद महासंघ मकवानपुरका सचिव संगीत श्रेष्ठले जानकारी दिनुभएको छ । मकवानपुरमा लामो समयपछि टेबलटेनिस प्रतियोगिता भएको हो ।

महासंघ मकवानपुरका अध्यक्ष सविन मोक्तानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौँडा १० नम्बर वडा फुर्वा दोर्जे लामा, नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाही, नेपाल खेलकुद महासंघका स्थायी कमिटी सदस्य बुद्धिराम डिम्डुङ, केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष सानु लामा र नेपाल खेलकुद महासंघ बागमती प्रदेश सचिव जनरल श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

# जनप्रियमा विद्यार्थीकेन्द्रित कार्यशाला



**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-१६, हटियास्थित जनप्रिय माविमा विद्यार्थीकेन्द्रित सहक्रियाकलापहरू सञ्चालन गरिएको छ । विद्यार्थीका लागि उद्घोषण, नृत्य, साहित्य सिर्जना, चित्रकला, योगाभ्यास र खेलकुदका विषयमा कार्यशाला आयोजना गरिएको विद्यालयले जनाएको छ ।

शुक्रबारको कार्यशालामा नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक दीपक गौतमले कविताको प्रशिक्षण गराउनुभयो । प्रशिक्षणमा ४० जना विद्यार्थी सहभागी थिए । प्रशिक्षणमार्फत् विद्यार्थीले कविता रचना गर्ने प्रारम्भिक ज्ञान प्राप्त गरेका छन् । जसमा कविता लेखनका शिल्पहरूबारे चर्चा गरिएको थियो । विद्यार्थीले कविता लेखन तथा गायनमा सहभागिता जनाएको अंग्रेजी माध्यम संयोजक रविन श्रेष्ठले बताउनुभयो । साउन २१ गतेदेखि सुरु भएको कार्यशालामा योग अभ्यास, खेलकूद तथा साहित्यिक कार्यशालाबाट सुरु भएको, २२ गतेदेखि २५ गतेसम्म ३ दिने उद्घोषण तालिम सञ्चालन भई २६ र २७ मा साहित्यिक लगायतका कार्यशाला गरिएको कार्यक्रम संयोजक संप्रस पौडेलले बताउनुभयो ।

प्रशिक्षकहरू सुनिल गौतमबाट नेपाली भाषामा कथा लेखन, विश्वनाथ सञ्जेलबाट मुक्तक तथा गजल कार्यशाला सञ्चालन गरिएको थियो भने अंग्रेजी भाषाको कथा लेखन प्रशिक्षकहरु रविन श्रेष्ठ र नीरबहादुर खड्काले सञ्चालन गराउनुभयो । प्रशिक्षणमा कथा लेखनका सिद्धान्त, कौशल, उद्देश्य तथा विषयवस्तुबारे चर्चा गरिएको थियो । कथा लेखनमा रूचीका साथ सहभागिता रहेको थियो ।

रुपक कालिराजले ३ दिनको उद्घोषणकलाका कक्षा लिनुभएको थियो । छवि अनित्यले वादविवाद तथा वक्तृत्वकलासम्बन्धी कार्यशालाको सहजीकरण गर्नुभयो । जनप्रिय माविका खेलकूद प्रशिक्षक शिवहरि राईले सटपुट, ज्याभलिन थ्रो, भलिबल, फूटबललगायतका खेलकूदका क्रियाकलापहरु सहजीकरण गर्नुभयो । अम्बर गुरूङले नृत्य प्रशिक्षण सञ्चालन गर्नुभयो । जनप्रिय माविका शिक्षक युक्तलाल विश्वकर्मा र घनश्याम ढकालले विद्यार्थीको एक समूहलाई योगका महत्व दर्शाउँदै विभिन्न आसनहरूबारे अभ्यस्त बनाउनु भयो ।

जनप्रिय माविले साहित्य तथा बौद्धिक, सञ्चार, कला तथा साँस्कृतिक, खेलकूद, अनुशासन, भ्रमण, बागवानी, अनुसन्धान लगायतका १२ विधाको समूह बनाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको कार्यक्रम संयोजक पौडेलले बताउनुभएको छ । प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले वर्ष विदाको समयमा पनि विद्यार्थीको सक्रिय सहभागिता रहेको र यसबाट उत्कृष्ट प्रतिफल प्राप्त हुने विश्वास लिएको बताउनुभयो । जनप्रिय माविमा मिडिया कक्ष निर्माण गरिएको छ ।

# विद्यालय शिक्षा विधेयकमा संशोधन गर्न शिक्षकको सुझाव



*मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईमार्फत प्रधानमन्त्रीलाई सुझावपत्र बुझाउँदै ।*

**समाज संवाददाता**

हेटौँडाः संघीय सरकारले संसदमा पेश गरेको विद्यालय शिक्षा विधेयकमा संशोधन गर्नुपर्ने आवश्यक विषय सुझावको रुपमा नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति मकवानपुरले मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत संघीय सरकारलाई पठाएको छ । संगठनका जिल्ला अध्यक्ष श्रीराम दहालले शुक्रबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री पुष्पकमल दाहाललाई सुझावपत्र बुझाउनुभएको छ ।

प्रस्तावित विद्यालय शिक्षा ऐन पञ्चायतकालीन शिक्षा ऐन भन्दा पनि बढी पश्चगामी रहेको आरोप लगाउँदै संगठनले नेपालको संविधान २०७२ ले दिएको मौलिक हक अन्तर्गत भाग ३ धारा १७ को स्वतन्त्रताको हक प्रतिकुल र हेको दावी गरिएको छ । संगठनको तर्फबाट पेश गरिएको सुझाव पत्रमा प्रस्तावित विद्यालय शिक्षा ऐनको विधेयकका विभिन्न १९ दफाहरुमा संशोधन गर्न सरकारलाई ध्यानाकर्षण गरिएको छ । संगठनको सुझाव अनुसार दफा १७ को विद्यालय व्यवस्थापन समिति र दफा २० को प्रारम्भिक बाल विकास केन्द्र स्थानीय कानुन बमोजिम नभई संघीय कानुन बमोजिम हुनुपर्ने उल्लेख गरिएको छ । शिक्षकको योग्यताको सम्बन्धमा आधारभूत तहको साधारण वा विषयगत तृतीय श्रेणीको शिक्षकको हकमा १२ कक्षा उत्तीर्ण र माध्यामिक तहको हकमा सम्बन्धित बिषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने संगठनको सुझाव छ ।

यस्तै शिक्षकको पदपूर्ती, उम्मेदवार हुन अयोग्यता, उपचार खर्च, शिक्षकले पाउने विदा र उसको सरुवा बढुवाप्रति पनि संगठनले प्रस्तावित ऐनमा संशोधन गर्न आग्रह गरेको छ । प्रस्तावित ऐनको दफा ७५ को राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुने भन्नेमा शिक्षकले राजनीतिक दल वा दलसँग आबद्ध संगठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन वा कसैको निमित्त मत माग्न वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक प्रभाव पार्न हुँदैन भन्ने प्रावधान ट्रेड युनियन अधिकार बिरुद्ध हुनसक्ने आशंका पनि संगठनले व्यक्त गरेको छ । दफा ८० प्रदर्शन र बन्द हडताल गर्न प्रतिबन्ध भन्ने प्रावधानमा उल्लेख भएका कुराहरु पूर्णरुपमा हटाउनुपर्ने संगठनको सुझाव छ ।

# २४ घण्टामा ४ जनालाई डेंगु

**समाज संवाददाता**

**हेटौँडाः मकवानपुरमा २४ घण्टामा ४ जनामा डेंगु संक्रमित पुष्टि भएको छ । डेंगु हुने ४ जना नै हेटौँडा उपमहानगर पालिकाभित्रका रहेका छन् । मकवानपुरमा साउन महिनादेखि शुक्रबारसम्म ६३ जना र हेटौँडा उपमहानगरपालिकाभित्र ५९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।**

**हेटौँडा उपमहानगरपालिकाभित्र साउन महिनामा ३२ जना पुरुष र २७ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो । यस्तै, हेटौँडा अस्पतालमा शुक्रबार ३४ जनाले डेंगु जाँच गराएका छन् ।**

**जाँच गराएका ३४ जनामध्ये ४ जनामा डेंगु देखिएको हो । २ महिला र २ पुरुषमा डेंगु देखिएको छ । हेटौँडा अस्पतालमा साउन महिनादेखि शुक्रबारसम्म ४० जनालाई डेंगु संक्रमण पुष्टि भएको हेटौँडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो ।**

# प्राध्यापक संघको अधिवेशन हुँदै

**समाज संवाददाता**

हेटौँडाः पब्लिक क्याम्पस प्राध्यापक संघको बागमती प्रदेशस्तरीय अधिवेशन हेटौँडामा हुँदैछ । आज शनिबार प्रथम प्रदेश अधिवेशन हुन लागेको हो । अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लाका प्राध्यापकहरु सहभागी हुँदैछन् । मकवानपुर बहुमुखी क्याम्पस पब्लिक क्याम्पस प्राध्यापक संघ इकाईका अध्यक्ष केशव तिमिल्सिनाका अनुसार अधिवेशनमा बागमती प्रदेशका पब्लिक क्याम्पसबाट दुई-दुई जना प्रतिनिधि प्राध्यापकहरुको सहभागिता रहने छ ।

# फाष्ट ट्र्याकमा किन काम फाष्ट भएन ?: मन्त्री ज्वाला

**काठमाडौंः भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले नेपाली सेनाले हाल बनाइरहेको काठमाडौं–तराई/मधेश द्रुत मार्ग (फाष्ट ट्र्याक) किन फाष्टरुपमा बन्न सकेन भन्दै प्रश्न गरेका छन् । शुक्रबार मन्त्रालयमा सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाललगायत राष्ट्रिय गौरबका आयोजनाका प्रमुखहरुलाई निर्देशन दिने क्रममा मन्त्री ज्वालाले सेनाको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।**

**उनले भने, 'नेपाली सेनाबाट सडक निर्माणका क्षेत्रमा प्रसंशनीय कामहरु भइरहेका छन् तर फास्ट ट्र्याकको काम किन फास्टरुपमा हुन सकेन ?' राष्ट्रिय गौरबका आयोजना, रुपान्तरणकारी योजना र अन्य महत्वपूर्ण योजनाहरुलाई युद्धस्तरमा काम गर्न ज्वालाले निर्देशन दिए । वर्षौं पहिले निर्माणका काम थालिएका योजनाहरु पटक–पटक म्याद थप्दा पनि नसकिँदा नागरिकमा गलत सन्देश गएको भन्दै मन्त्री ज्वालाले यो वा त्यो बहानामा निर्माण कार्य ढिला नगर्न निर्देशन दिएका छन् ।**

**'अन्धाधुन्ध काम गरेरमात्र हुँदैन, शक्तिशाली सिंहजस्तै दुई कदम अगाडि बढ्ने र एकपटक समीक्षा गर्ने नीति लिएर निर्माण कार्यमा लाग्न जरुरी छ', मातहतका कर्मचारीलाई निर्देशन दिँदै मन्त्री ज्वालाले भने, 'प्रत्येक चौमासिकमा योजनाहरुको अनिवार्य समीक्षा गर्ने चलन बसालौं, त्यसले आयोजनामा आएका समस्याको पहिचान र समाधानको उपाय दिन्छ ।'**

*(स्रोतः रातोपाटी)*

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौँडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ